# नीलकण्ठ महादेव मन्दिर (नदीपुर, पोखरा) को ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय प्रभाव

## एक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
पृथ्वीनारायण बहुमुखी क्याम्पस इतिहास तथा संस्कृति विभाग,
स्नातकोत्तर तह द्वितीय वर्षको छैटौं पत्रको प्रयोजनका
लागि प्रस्तुत

# शोध-पत्र

शोधार्थी
श्याम बहादुर कुँवर
रोल नं. : ०६/०६५
त्रि.वि. दर्ता नं. : ११३२-८७
परीक्षा रोल नं. : ४८००१२
इतिहास तथा संस्कृति विभाग
पृथ्वीनारायण बहुमुखी क्याम्पस
पोखरा

२०७२

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय स्नातकोत्तर तहको इतिहास विषयको पाठ्यक्रमअनुरूप छैठौं पत्रको प्रयोजनका लागि श्री श्यामबहादुर कुँवरले **नीलकण्ठ महादेव मन्दिर (नदीपुर, पोखरा) को ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय प्रभाव एक अध्ययन"** शीर्षकको यो शोध-पत्र मेरो निर्देशन तथा सुपरिवेक्षणमा तयार पार्नुभएको हो। शोधकर्ताले परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु। उक्त शोधकार्यको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु।

मिति : २०७२/१२/२१

3rd April, 2016

...............................

डा. राधा भण्डारी जि.सी.

सहप्राध्यापक

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

## पृथ्वीनारायण क्याम्पस, पोखरा

## इतिहास तथा संस्कृति विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय स्नातकोत्तर तह इतिहास विषयको छैठौं पत्रको पाठ्यक्रमअनुरूप श्री श्यामबहादुर कुँवरले **"नीलकण्ठ महादेव मन्दिर (नदीपुर, पोखरा) को ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय प्रभाव एक अध्ययन"** शीर्षकमा तयार पार्नुभएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| | | |
|---|---|---|
| १. विभागीय प्रमुख | प्रा.डा. दिलबहादुर क्षत्री | ............................... |
| २. बाह्य परीक्षक | गंगालक्ष्मी गुरुङ | ............................... |
| ३. शोधनिर्देशक | डा. राधा भण्डारी जि.सी. | ............................... |

मिति : २०७२/१२/२१

3rd April, 2016

# प्राक्कथन

विश्वको इतिहासलाई हेर्दा जुनसुकै मुलुकको पनि आ-आफ्नै ऐतिहासिक पहिचान र महत्त्व हुन्छ र उक्त सम्बन्धित मुलुकभित्र भिन्न-भिन्न महत्त्वका राष्ट्रिय सम्पदाहरू (National Heritages) रहेका हुन्छन् । यथार्थमा कुनै पनि मुलुकका सांस्कृतिक एवम् पौराणिक विधि र ऐतिहासिक तथा पर्यटकीय स्रोतहरूमा त्यस मुलुकका धार्मिक महत्त्वका पवित्र तीर्थस्थल एवम् भौगोलिक संरचना जस्तै हिमशृङ्खला, तालतलैया, उच्चशिखर आदि पर्दछन् । नेपाल ऐतिहासिक स्थलहरू, मठ मन्दिर, कला कौशल, धार्मिक तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण राष्ट्र हो ।

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चलको कास्की जिल्ला अन्तर्गत पोखरा उप-महानगरपालिका जसलाई देशका ४ उपमहानगरपालिका मध्येको एक उत्कृष्ट उपमहानगरपालिकाको नामले चिनिन्छ । यसको वडा नं. ३ नदीपुरमा अवस्थित नीलकण्ठ महादेव आश्रम (महादेव मन्दिर) एक प्रसिद्ध धार्मिक स्थल हो र यसको महत्वलाई प्रकाश पार्ने उद्देश्यले यो शोधपत्र तयार गरिएको छ ।

कुनै पनि मुलुकको सभ्यताको पहिचान त्यस समाजको संस्कृति र परम्परामा निर्भर हुन्छ । त्यसैले समाजको मेरुदण्डको रूपमा रहेको संस्कृति र सभ्यताको जननी धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदा नै हुन् भन्न सकिन्छ । तसर्थ आश्रम, मठमन्दिर तथा गुठी व्यवस्था, संस्कृति तथा सभ्यता बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ र यिनीहरू एक अर्काका परिपूरक हुन् भन्ने तथ्यलाई नकार्न मिल्दैन । प्रस्तुत शोधकार्यमा संस्कृति र सभ्यताको संवाहक एवम् पोखरा उपमहानगरपालिका वडा नं. ३ अन्तर्गत अवस्थित नीलकण्ठ महादेव आश्रम तथा त्यस वरपर र आसपासका क्षेत्रमा रहेका मठमन्दिर तथा चैत्य र त्यससँग सम्बन्धित अभिलेखयुक्त कथन तथा जनश्रुतिका आधारमा अध्ययन एवम् विश्लेषण गरिएको छ । तसर्थ यस शोध कार्यले यस क्षेत्रमा थप अध्ययन तथा अनुसन्धान गर्ने जिज्ञासु अन्वेषकहरूलाई थोरै मात्रामा भए पनि सहयोग पुऱ्याउने आशा लिएको छु ।

सर्वप्रथम त मलाई प्रस्तुत शीर्षकमा शोधकार्य गर्ने अवसर प्रदान गर्ने त्रि.वि.वि. पृथ्वीनारायण क्याम्पस, इतिहास तथा संस्कृति विभागका विभागीय प्रमुख प्रा.डा. दिलबहादुर क्षत्रीप्रति कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा अत्यन्तै व्यस्तताका

बावजुद पनि मलाई आवश्यक नीति निर्देशन तथा सुझाव र प्रेरणा दिने शोधनिर्देशक सहप्राध्यापक डा. राधा भण्डारीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधकार्य गर्नुपर्दछ भनी बेलाबखतमा प्रेरणा दिनुहुने श्रद्धेय गुरुहरू प्रा.डा. दिल बहादुर क्षेत्री, प्रा. डा. ज्ञान बहादुर कार्की, डा. दीर्घमान गुरुङ, रश्मी ढेवाजू, बसन्त पराजुली, प्राध्यापक चन्द्र बहादुर थापा, डा. श्रीराम घिमिरे, चन्द्रकान्त पौडेल लगायत इतिहास विभागका सम्पूर्ण गुरुहरूप्रति आभारी छु ।

यस शोधकार्यसँग सम्बन्धित तथा आवश्यक जानकारी प्रदान गरी सहयोग गर्नु हुने मैत्री संघका भूतपूर्व अध्यक्ष श्री गोविन्द ताम्राकारज्यूप्रति आभारी छु ।

मेरो कार्यमा सहयोग गर्नुहुने पोखरा ४ निवासी मैत्री संघका संस्थापक अध्यक्ष र सल्लाह दिनुहुने आदरणीय दाजु विश्व शाक्यज्यूप्रति पनि आभार व्यक्त गर्न चाहन्छु ।

अध्ययन सामग्री सङ्कलनमा यथाशक्य सहयोग पुऱ्याउनु हुने नीलकण्ठ महादेव आश्रमका संरक्षक आनन्द गिरी (अन्ना बाबा) तथा २०६५ मा गठित नीलकण्ठ महादेव आश्रम सेवा समितिका पदाधिकारीहरू अध्यक्ष विकास दुगड, सचिव सनकमान सि.के., सदस्य बसन्त उदास लगायतका सम्पूर्ण पदाधिकारीहरूप्रति हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छु ।

शोधकार्यमा आवश्यक सहयोग र सल्लाह तथा जानकारी दिनुहुने भगवान् नीलकण्ठ दर्शन सम्पादक मण्डलका संयोजक देवनारायण सुतिहार तथा लक्ष्मीनारायण मन्दिरका मूल पुजारी श्री पुष्पराज लामिछानेप्रति पनि आभारी छु ।

मेरो यस शोधकार्यमा बेला बखतमा विविध जानकारी दिनका लागि थप आवश्यक सल्लाह, सुझाव तथा सहयोग प्रदान गर्नुहुने मेरा हितैषी मित्रहरू बलराम भट्टराई (सेतु), राजन थामीप्रति पनि आभारी छु । साथै अध्ययन क्षेत्रको भ्रमण तथा अवलोकनको क्रममा फोटोग्राफी तथा सामग्री सङ्कलनमा सहयोग गर्ने मेरा छोरा समीर कुँवर तथा छोरी सरिता कुँवरलाई पनि धन्यवाद दिन चाहन्छु ।

वयोवृद्ध अवस्थाका भएर पनि मेरो अध्ययन कार्यलाई सदा अगाडि बढाउन प्रयासरत रहने र अझै हौसला बढाउने पुजनीय पिता रन बहादुर कुँवर र पुजनीय माता रत्नमाया कुँवर साथै आफ्नो जागीरे जीवनको अप्ठ्याराहरूको बावजुद पनि सदासर्वदा सहयोग पुऱ्याउँदै आएकी प्रिय जीवनसाथी सीता कुँवरप्रति आभारी छु र मेरा आदरणीय दाजुहरू

राम बहादुर कुँवर, महेन्द्र कुँवर, सुरेन्द्र कुँवर तथा मेरा भाइहरू विष्णु बहादुर कुँवर, मोहन बहादुर कुँवर र बहिनी हिरा कुँवरप्रति पनि म आभारी छु ।

प्रस्तुत शोधपत्रलाई यथासम्भव शुद्धताका साथ अति मेहनतपूर्वक छिटोछरितो मुद्रण गरी सहयोग गर्ने सुगम कम्प्युटर सेवा बगर-१ पोखराका सञ्चालक श्री भवानीप्रसाद पराजुलीज्यूलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा म यस शोधपत्रको समुचित मूल्याङ्कनार्थ त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस इतिहास तथा संस्कृति विभाग पोखरा समक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७२/१२/२१

3rd April, 2016

.............................

श्याम बहादुर कुँवर
इतिहास तथा संस्कृति विभाग
त्रिभुवन विश्वविद्यालय
पृथ्वीनारायण क्याम्पस
पोखरा, नेपाल

# विषय सूची


**अध्याय एक : अध्ययनको परिचय** **१-९**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन २

१.३ अध्ययनको उद्देश्य ३

१.४ पूर्व कार्यको समीक्षा ४

१.५ अनुसन्धान विधि ५

१.५.१ तथ्याङ्कका स्रोतहरू ५

१.५.२ तथ्याङ्कको समग्रता र नमुना छनोट विधि ६

१.५.३ तथ्याङ्क संकलन तरिका ६

१.५.४ तथ्याङ्क विश्लेषण ६

१.६ महत्त्व तथा सीमाङ्कन ६

१.७ अध्याय विभाजन ७

**अध्याय दुई : अध्ययन क्षेत्रको परिचय** **१०-१५**

२.१ कास्की जिल्लाको भौगोलिक तथा ऐतिहासिक परिचय १०

२.१.१ ऐतिहासिक पृष्ठभूमि ११

२.१.२ कास्कीको नामाकरण १३

२.२ पोखराको संक्षिप्त परिचय १४

**अध्याय तीन : पोखराका केही मठमन्दिर तथा धार्मिक स्थालहरूको संक्षिप्त परिचय** **१६-२५**

३.१ नारायणस्थान धार्मिक क्षेत्र परिसरमा मा रहेका मठमन्दिर तथा चैत्यको परिचय १६

३.१.१ लक्ष्मीनारायण मन्दिर १६

३.१.२ राधाकृष्ण मन्दिर १७

३.१.३ ब्रह्मचर्याश्रम (ब्रह्मचारी मन्दिर) १७

३.१.४ बौद्ध चैत्य (मैत्री चैत्य) तथा मैत्री भवन १८

३.१.५ श्री वीरेन्द्र स्मृति पार्क २१

३.२ पोखराका अन्य प्रसिद्ध मठमन्दिरहरू २२

३.२.१ विन्ध्यवासिनी मन्दिर २२
३.२.२ केदारेश्वर महादेव मन्दिर २३
३.२.३ बाराही मन्दिर २४

**अध्याय चार : नीलकण्ठ महादेव आश्रमको परिचय तथा नामाकरण २६-३६**
४.१ ऐतिहासिक पृष्ठभूमि २६
४.२ नीलकण्ठ मन्दिरको स्थापना २७
४.३ नामाकरण तथा आश्रमको बनोट शैली २९
४.४ नित्य पूजा ३२
४.५ विशेष पूजा ३३
४.६ कर्मकाण्डीय क्रियाकलापहरू तथा जनधारणा र विश्वास ३५

**अध्याय पाँच : नीलकण्ठ महादेव आश्रमको संरक्षण तथा सेवा समिति ३७-३९**
५.१ तदर्थ समिति ३७
५.२ नवगठित सेवा समितिको विवरण ३८
५.३ नीलकण्ठ महादेव आश्रम सेवा समितिको गुरुयोजना ३९

**अध्याय छ : सामाजिक, सांस्कृतिक जीवनमा नीलकण्ठ महादेव आश्रम क्षेत्रको प्रभाव ४०-४३**
६.१ सामाजिक एवम् साँस्कृतिक प्रभाव ४०
६.२ धार्मिक प्रभाव ४१
६.३ वातावरणीय प्रभाव ४२

**अध्याय ७ : निष्कर्ष र सुझावहरू ४४-४७**
७.१ निष्कर्ष ४४
७.२ सुझावहरू ४६

**सन्दर्भसामग्री**

**परिशिष्ट**